सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक १८५ ♦ २०८२ साल फागुन २७ बुधवार ♦ 11 March 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## मधेसमा कांग्रेसको साख जोगाएका फिरदोस को हुन् ?



**खबर दर्पण समाचारदाता**

**फागुन २६ गते, बर्दिवास**

३९ वर्षीय फिरदोस आलम प्रतिनिधिसभा सदस्यमा रौतहट निर्वाचन क्षेत्र नम्बर २ बाट निर्वाचित भएका छन्।

नेपाली कांग्रेसका फिरदोसले २९ हजार ५२८ मत प्राप्त गर्दै विजय हासिल गर्दा उनका निकटतम प्रतिस्पर्धी नेकपाका किरणकुमार साहले १८ हजार ४४२ मत पाए। प्रतिस्पर्धीसँग फिरदोसको मतान्तर ११ हजार ८६ छ।

२०४३ साल मंसिर ५ गते जन्मिएका फिरदोस आलमको जीवनको सुरुवाती यात्रा भने राजनीतिभन्दा धेरै टाढा थियो। उनी पेशाले चिकित्सक हुन्। उनले विदेशमा एमबीबीएस अध्ययन गरेका थिए र नेपाल फर्किएपछि चिकित्सा क्षेत्रमा काम गर्न थाले। केही समय उनी नेपाल प्रहरीको प्राविधिक सेवातर्फ प्रहरी निरीक्षकका रूपमा पनि कार्यरत रहे। प्रहरी अस्पतालमा बिरामीहरूको उपचार गर्दै बितिरहेको उनको जीवन एकाएक मोडियो।

२०७६ सालमा उनका पिता अफताब आलम राजपुर बमकाण्डसम्बन्धी कर्तव्य ज्यान मुद्दामा पक्राउ परेपछि परिवार र समर्थकहरूबीच ठूलो राजनीतिक रिक्तता पैदा भयो। यही अवस्थाले फिरदोसलाई कठिन निर्णय लिन बाध्य बनायो। उनले प्रहरी सेवाबाट राजीनामा दिए र राजनीतिमा होमिए। चिकित्सा पेशा छोडेर राजनीतिमा प्रवेश गर्नु उनका

बाँकी पृष्ठ ३ मा

## मातृकाले मधेसमा जोगाए नेकपाको बिउ



**खबर दर्पण समाचारदाता**

**फागुन २६ गते, बर्दिवास**

मातृका यादव नेपाली राजनीतिको एउटा यस्तो विद्रोही पात्र हुन्, जो जति पटक चर्चाबाट ओझेल पर्न खोज्छन्, त्यति नै पटक पुनः चर्चामा आउँछन्।

कुनै समय माओवादी आन्दोलनका कट्टर वैचारिक खम्बाका रुपमा चिनिने नेपाली कम्युनिस्ट पार्टीका नेता यादव लामो समयदेखि गुमनाम थिए।

उनी यसपटक चुनाव लड्ने मुडमै थिएनन्। तर, यस्तो अवस्था आयो कि उनले धरै पाएनन्। नचाहँदा-नचाहँदै चुनाव लडेका उनी मधेसमा राष्ट्रिय स्वतन्त्र

बाँकी पृष्ठ ३ मा

## को हुन् महोत्तरी-४ बाट निर्वाचित रास्वपाकी गौरीकुमारी यादव ?



**खबर दर्पण समाचारदाता**

**फागुन २६ गते, बर्दिवास**

महोत्तरी जिल्लाको साम्सी गाउँपालिका-संग्रामपुर निवासी ५४ वर्षीया गौरीकुमारी यादव प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएकी छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट महोत्तरी निर्वाचन क्षेत्र नम्बर ४ मा उम्मेदवारी दिएकी यादवले जनताको विश्वास जित्दै संघीय संसद्मा आफ्नो स्थान सुरक्षित गर्न सफल भएकी हुन् । उनी ३० हजार १ सय ३२ मत ल्याउँदै निर्वाचित भएकी हुन् ।

महोत्तरीमै जन्मिएकी यादव रामएकवाल राय यादवकी छोरी तथा शिवजी यादवकी श्रीमती हुन् । स्थानीय परिवेशमै

बाँकी पृष्ठ ३ मा

PROGESSIVE ACADEMY
BARDIBAS-1 MAHOTTARI

Progressive Academy
Bardibas -1, Mahottari

Teachers Wanted

We are looking for committed, competent and qualified professional for the following vaccant posts.

1. Front dest officer - 1. (Good in communication.)
2. Teacehrs for Pre-school - 5.
   a. At least +2 completed.
   b. Good command over English.
   c. Trained in ECD will be pfrefered.
3. Teacehrs for Primary / Lower Secondary
   a. Maths 1/1
   b. English 1/1
   c. Sciecne 1/1
   d. Nepali 1/1
   e. S. Studies 1/1
   f. Computer 1

At least Bachelor in respective area. Masters degree is prefered.

Send your complete CV within 27th of Falgun
progressivebardibas@gmail.com

98540-55122 | 044-590422
www.progressivebardibas.com

# कांग्रेसमा अन्तर्घात: जसले चुनावी माहोल बन्नै दिएन

नकुल अर्याल

डडेल्धुराको स्थानीय राजनीतिमा मन नमिलेपछि नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा निवर्तमान जिल्ला सभापति कर्ण मल्ललाई पार्टीबाट हटाउन चाहन्थे । प्रदेशसभामा २०७४ को निर्वाचनमा जित्ने एक्लो नेता थिए कर्ण मल्ल ।

कुनैबेला देउवाकै सचिवालयमा हर्ताकर्ता भएपनि देउवापत्नी आरजु राणासँगको खटपटले मल्ल र देउवाको सम्बन्ध पनि सुमधुर थिएन । नेपाली कांग्रेसका शीर्ष नेताहरुको बैठकमा सभापति देउवाले कर्ण मल्ललाई कांग्रेसबाट निष्कासन गर्नैपर्ने तर्क गरे ।

रामचन्द्र पौडेल, कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंह, डा.शशांक कोइराला लगायतका नेताले मल्ललाई सम्झाई बुझाई गर्न सुझाए । देउवा कुनै हालतमा कारवाहीको मुडमा देखिएपछि एक नेताले भने - प्रदेशसभा जितेको मान्छे हो । तपाईंपछि पनि डडेल्धुरामा कांग्रेसले जित्नुपर्छ । कर्णलाई कारवाही नगरौं ।

जवाफमा देउवाले भने- 'मबाहेक डडेल्धुरामा कांग्रेसको कसैले चुनाव जित्दैन ।'

देउवाले अडान लिएपछि नेताहरुको केही लागेन । कर्ण मल्लमाथि कांग्रेसले कारवाहीको निर्णय गर्यो ।

यसपटक डडेल्धुरामा देउवा उम्मेदवार बनेनन् । चुनाव छल्न उनी सिंगापुर गए । देउवाको अनुपस्थितिमा डडेल्धुरामा कांग्रेसले चुनाव जितेन । देउवा जिताउन सबैजसो चुनावमा सक्रिय भूमिका खेलेका नैनसिंह महर रास्वपा उम्मेदवार डा.तारा जोशीसँग पराजित रहे । आफूपछि डडेल्धुरामा कांग्रेसले नजित्ने देउवाको घोषणा मिल्न पुग्यो । कांग्रेसवृत्तमा चर्चा छ, आफ्नो बोली पूरा गराउन देउवाले सक्रिय भूमिका खेले ।

डडेल्धुरासहित सुदरपश्चिममा देउवाका खास निकटस्थहरुले कांग्रेस उम्मेदवारलाई अन्तर्घात गरे । त्यसका केही प्रमाणहरु अडियोकै रुपमा सामाजिक सञ्जालमा सार्वजनिक समेत भइसकेका छन् ।

'अहिले गगनका २०-२५ जनाले पनि जितेनन् भने पो पार्टी शेर बहादुरको हुन्छ । सुदुरपश्चिममा गगनका उम्मेदवार नील भए पो शेरबहादुरको अस्तित्व रहन्छ । अनि २०८४ मा मध्यावधि चुनाव हुन्छ', बैतडीका एक कांग्रेस नेताको सार्वजनिक भएको अडियो संवादमा भनिएको छ ।

देशभरका अधिकांश निर्वाचन क्षेत्रमा पार्टीकै जिम्मेवार नेताहरुले असहयोग गरेको गुनासो उम्मेदवारहरुले गरिरहेका छन् । 'मेरो क्षेत्रमा निवर्तमान केन्द्रीय सदस्य उम्मेदवारी दर्तादेखि नै मसँग देखिनुभयो । २-४ दिन सँगै हिड्नुभयो तर उहाँका मान्छेहरु बुथमै घण्टीको प्रतिनिधि बसे । अधिकांशलाई रुखमा मत नहाल्न सर्कुलर गरियो', चुनाव हारेका काठमाडौंका एक कांग्रेस उम्मेदवार ले नेपाल प्रेससँग भने ।

कांग्रेस केन्द्रीय कार्यालयले यतिबेला निर्वाचनको क्षेत्रगत रिपोर्ट लिइरहेको छ । प्रत्यक्षतर्फ १८ सीटमा जित हासिल गरेको कांग्रेस देशभरका ८४ सीटमा निकटतम प्रतिस्पर्धी रहेको छ ।

अधिकांश क्षेत्रमा रास्वपा उम्मेदवारसँगको हार फराकिलो भएका कारण अन्तर्घात मात्रै मुख्य कारण नदेखिएपनि चुनावी माहोल बिगार्नमा अन्तर्घात नै मुख्य कारण रहेको कांग्रेसको निष्कर्ष छ ।



कांग्रेस महामन्त्री गुरुराज घिमिरे पार्टीका लागि चुनावी परिणाम अनपेक्षित रहेको बताए । 'हाम्रा लागि यस्तो चुनावी परिणाम सम्पूर्ण रुपमा अनपेक्षित, अकल्पनीय र अप्रत्याशित हो । यसका धेरै कारण छन् । तीमध्ये एउटा कारण अन्तर्घात पनि हो । यसबारे हामी गम्भीर समिक्षा गर्छौं', महामन्त्री घिमिरेले नेपाल प्रेससँग भने । उनले क्षेत्रहरुबाछ आएका प्रारम्भिक प्रतिक्रियामा पार्टी पंक्ति परिचालनमा एउटा पक्षले असहयोग गरेको जानकारी आएको बताए ।

कांग्रेसमा अन्तर्घात नयाँ विषय होइन । यद्यपि यसपटक विशेष महाधिवेशनको पक्ष विपक्षमा चुनावकै मुखमा कांग्रेस विभाजित थियो । निवर्तमान केन्द्रीय सदस्य जितजंग बस्नेत कांग्रेस हारको कारण अन्तर्घात नभएर विशेष महाधिवेशन रहेको बताउँछन् । चुनावको मुखमा विशेष महाधिवेशनका नाममा पार्टीभित्र ध्रुवीकरण बढ्दा जनताले कांग्रेसको विकल्पमा मत दिएको उनको भनाइ छ । 'यस्तो चुनावमा अन्तर्घात गर्न कहाँ सम्भव हुन्छ । नियमित महाधिवेशन पक्षधर सबैले उम्मेदवारसँगै हिडेर रुखमा भोट मागेको देखेको छु । आफ्नो कमजोरी लुकाउन अरुलाई दोष दिन भएन नि', बस्नेतले नेपाल प्रेससँग भने ।

अन्तर्घातको आरोप लगाएर पार्टीभित्र फरक मत राख्नेलाई निषेध गर्ने प्रयास हुनसक्ने भन्दै बस्नेतले गगन थापा र विश्वप्रकाश शर्माको अनुहार हेरेरपनि जनताले भोट नदिएको बताए । 'शेर बहादुर देउवाको त अनुहार देखाएर भोट आउदैन भन्नुभएकै थियो । सभापति र उपसभापतिको अनुहार हेर्दापनि भोट आएनछ । अरुलाई के दोष दिनु ? सधै अरुलाई दोष दिएर उम्कनु राम्रो होइन', बस्नेतको भनाइ छ ।

कांग्रेसभित्र चुनावी पराजयसँगै पुरानो संस्थापन पक्षले सभापति गगन थापाको राजीनामा माग गरेका छन् । थापा पक्षले भने हारको कारण नयाँ नेतृत्व नरहेको भन्दै बचाउ गरिरहेको छ ।

-नेपाल प्रेस

# गेट भाँच्चिदा ३ वालकहरु घाईते

खबर दर्पण समाचारदाता

**फागुन २५ गते, बर्दिवास**

महोत्तरीको रामगोपालपुर ६ स्थित प्राथमिक स्वास्थ्य उपचार केन्द्र विशम्भरपुरको मुख्य गेट भाँच्चिदा ३ वालकहरु घाईते भएका छन् । आईतबार विदाको दिन खेल्ने क्रममा सो घटना घटेको हो ।

गेट भाँच्चिदा स्थानीय विरेन्द्रकुमार यादवको बर्ष ७ को छोरा रबिन यादव, मनोज यादवको बर्ष ७ को गौतम यादव र शिवशंकर यादवको बर्ष ८ को दिपेश यादव रहेका छन् । उनीहरुमध्ये रबिनको अवस्था गम्भीर रहेको छ ।

बालक रबिनको कम्मरमा अत्याधिक चोट लागेकोले उनलाई थप उपचारको लागि काठमाण्डौ लगिएको उनका बुबा विरेन्द्रले बताए । मधेश प्रदेश सरकारको लागतमा नवनिर्मित पर्खाल र गेट निर्माण केहीदिन अगाडि मात्र ४५ लाखको लागतमा निर्माण भएको थियो ।

घटना सम्बन्धमा रामगोपालपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत अच्छेलाल दासले यस घटनाको सम्बन्धमा विस्तृतमा बुझि आवश्यक कदम उठाईने बताएका छन् । विदाको दिनमा घटना घटेकोले कार्यालय सुनसान हुँदा वास्तविक्ता अझ वाहिर आउन नसकेको अधिकृत दासले सुनाएका छन् ।

प्राविधीकपक्षको कमी कमजोरी घटनाको मुख्य जिम्मेबारी सम्बन्धित सरोकार पक्षलाई दिनुपर्नेमा स्थानीयहरुले जोड दिएका छन् । मधेश प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयको योजना अन्तगत ४५ लाखको लागतमा निर्मित सो संरचना निर्माणको क्रममा व्यापक मात्रामा अनियमितता गरेको पाईएको छ ।


## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेसमा कांग्रेसको साख....

लागि सजिलो निर्णय थिएन। तर पारिवारिक विरासत जोगाउनु पर्ने दबाब र स्थानीय कार्यकर्ताको आग्रहले उनलाई नयाँ यात्रामा धकेल्यो। एक समय बिरामीहरूको उपचारमा व्यस्त रहने उनी बिस्तारै जनताको समस्या सुन्ने, समाधान खोज्ने र राजनीतिक गतिविधिमा सक्रिय रहने युवा नेताका रूपमा परिचित हुन थाले।

उनको राजनीतिक यात्रा पहिलो पटक २०७९ को प्रतिनिधिसभा निर्वाचनबाट सुरु भयो। त्यस चुनावमा उनले स्वतन्त्र उम्मेदवार किरणकुमार साहसँग पराजय बेहोरे। तर त्यो हारले उनलाई निराश बनाएन। चुनाव हारेर पनि उनले क्षेत्र छाडेनन्। गाउँ-बस्तीमा पुगेर जनतासँग भेटघाट गर्ने, समस्या सुन्ने र समाधानका उपाय खोज्ने काममा उनी निरन्तर सक्रिय रहे।

यही निरन्तरता र जनतासँगको सम्बन्धले उनको छवि बलियो बनाउँदै गयो। धेरै मतदाताले उनलाई 'कागजी नेता होइन, अनुभूत हुने नेता' का रूपमा चिन्न थाले। प्रहरी सेवामा चिकित्सकका रूपमा काम गर्दा देखेको गरिबी, उपचारको अभाव र राज्यप्रति नागरिकको निराशा उनका राजनीतिक एजेन्डाको आधार बन्यो।

रौतहट-२ अझै पनि विकासका धेरै सूचकांकमा पछाडि परेको क्षेत्र हो। सडक, सिँचाइ, गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्य सेवाको अभाव यहाँका प्रमुख समस्या हुन्। यही समस्यालाई समाधान गर्ने प्रतिबद्धता गर्दै फिरदोसले चुनावी मैदानमा कदम राखेका थिए।

उनी भन्छन्, 'मेरो चुनावी अभियान केवल नारामा सीमित थिएन। युवा, महिला, किसान, श्रमिकदेखि ज्येष्ठ नागरिकसम्मसँग प्रत्यक्ष संवाद गर्दै शिक्षा, स्वास्थ्य, कृषि आधुनिकीकरण, सिँचाइ विस्तार , ग्रामीण सडक र रोजगारी सिर्जनालाई आफ्नो प्रमुख प्राथमिकताका रूपमा अघि सारेको हुँ। र जनताले म माथि भरोस गरेर मलाई जिताएका हुन्, त्यो विश्वासमा खडामा उत्रनेछु।'

मुस्लिम समुदाय मात्र होइन, अन्य समुदायका युवाहरूसँग पनि उनले विकास र सामाजिक चेतनाबारे संवाद गर्दै आएका छन्। निर्वाचनपछि उनले जनताप्रति आभार व्यक्त गर्दै क्षेत्रको विकासका लागि आफू पूर्ण रूपमा समर्पित हुने बताएका छन्। शिक्षा, स्वास्थ्य र रोजगारीलाई प्राथमिकतामा राखेर काम गर्ने उनको प्रतिबद्धता छ।

फिरदोस भन्छन्, 'बुबाको निधनपछि धेरैले सोचेका थिए– के आलम परिवारको राजनीतिक प्रभाव अब कमजोर हुन्छ? तर जनताले दिएको यो मत त्यो प्रश्नको कडा जवाफ हो। बुबा अब यो संसारमा छैनन्, तर उनको नामसँग जोडिएको विश्वास अझै जीवित छ। त्यो विश्वासलाई जनताले मेरो काँधमा सुम्पेका हुन्।'

डा फिरदोस आलम मधेस प्रदेशबाट संसदमा पुग्ने एक्ला कांग्रेस सांसद बनेका छन्। र स्वपाले करीब दुई तिहाई सिट पाइसकेपछि कांग्रेस सरकारमा सहभागी हुने सम्भावना छैन। यस्तो अवस्थामा जनतासँग गरेका वाचा कसरी पुरा गर्ने भन्ने उनको लागि ठूलो चुनौती हो।

# को हुन् महोत्तरी-४ बाट निर्वाचित ....

हुर्कर बढेकी उनी आफ्नो क्षेत्रको सामाजिक संरचना, भौगोलिक अवस्था र जनजीवनसँग नजिकबाट परिचित छन् । यही अनुभवले उनलाई स्थानीय समस्या बुझ्ने र समाधान खोज्ने नेतृत्वका रूपमा स्थापित गरेको छ ।

शैक्षिक रूपमा उनले विज्ञान संकायमा प्रमाण-पत्र तहसम्म अध्ययन गरेकी छन् । शिक्षा र सामाजिक चेतनालाई उनले आफ्नो सार्वजनिक जीवनको आधार बनाउँदै आएकी छन् ।

महिला सशक्तीकरण, सुशासन र सामाजिक सुधारका मुद्दालाई निरन्तर उठाउँदै आएकी उनी अब संसद्मार्फत ती एजेन्डालाई नीतिगत तहमा उठाउने जिम्मेवारीमा पुगेकी हुन् ।

यादवको राजनीतिक यात्रा नयाँ राजनीतिक धारसँग जोडिएको छ । वैकल्पिक राजनीति र पारदर्शिताको नारासहित उनले राष्ट्रिय स्वतन्त्र पार्टीसँग आबद्ध भएर सक्रियता देखाइन् । मधेश क्षेत्रमा पार्टी संगठन अझै बिस्तारकै चरणमा रहेको अवस्थामा पनि उनले जनतासँग प्रत्यक्ष संवाद, भेटघाट र घर दैलो अभियानमार्फत आफ्नो पहिचान निर्माण गरिन् ।

चुनावी मैदानमा स्थापित र प्रभावशाली दलका उम्मेदवार सँग प्रतिस्पर्धा गर्नुपरे पनि उनले शिक्षा, सामाजिक चेतना र परिवर्तनको एजेन्डालाई आधार बनाउँदै मतदाताको विश्वास जित्न सफल भइन् । विशेष गरी शिक्षित महिला नेतृत्वका रूपमा उनले प्रस्तुत गरेको वैकल्पिक दृष्टिकोणले मतदातालाई आकर्षित गरेको देखिन्छ ।

प्रतिनिधिसभामा विजयी भएसँगै यादवले महोत्तरी-४ का जनताको अपेक्षा पूरा गर्ने जिम्मेवारी पाएकी छन् । महोत्तरी-४ बाट निर्वाचित प्रतिनिधिका रूपमा गौरी कुमारी यादव अहिले नयाँ राजनीतिक विकल्प र सुधारको आवाजका रूपमा स्थापित हुँदै संघीय संसदतर्फ अग्रसर भएकी छन् ।

धर्मको धरोहर - जनकपुरधाम
इतिहासको पहिचान - जनकपुरधाम
आस्थाको केन्द्र - जनकपुरधाम
नगरका धार्मिक, पौराणिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलहरूको संरक्षण र प्रवर्द्धन गर्दै
जनकपुरधामलाई आकर्षक धार्मिक पर्यटकीय नगरी बनाऔँ ।
सम्पदा जोगाऔँ, पर्यटन बढाऔँ, जनकपुरधाम उज्यालो बनाऔँ ।
जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

# मातृकाले मधेसमा जोगाए .....

पार्टीको लहरका बीच धनुषा क्षेत्र नम्बर १ बाट निर्वाचित भएका छन्। र, मधेसमा नेकपाको बिउ जोगाएका छन्। अहिलेसम्म प्रत्यक्षतर्फ तीन पटक चुनाव लडेका उनी दुई पटक निर्वाचित हुँदा एक पटक पराजित भएका छन्।

अघिल्लो चुनावमा उनी यही क्षेत्रमा कांग्रेससहितको गठबन्धनबाट उम्मेदवार हुँदा पराजित भएका थिए। २०७४ मा एमाले र तत्कालीन माओवादी केन्द्रबीचको गठबन्धनमा उनले जित निकालेका थिए।

'म प्रत्यक्षबाट दोस्रो पटक संसदमा पुगेको छु,' उनले भने, 'यसपटक चाहिँ कानुन र जनताको जित भएको छ।'

यसपटक पार्टी थप एकताबद्ध हुँदा आफ्नो पक्षमा नतिजा आएको उनी बताउँछन्।

'मैले मात्र गरेको होइन, आम समर्थक कार्यकर्ता सबैले गर्नुभयो,' मातृकाले थपे, 'जनताले गरेको आश र विश्वास मेरो लागि ठूलो चुनौती हो, त्यसलाई पूरा गर्न प्रतिबद्ध रहन्छु। यो चुनौतीलाई स्वीकार्दै अवसरमा परिणत गर्ने अभियान चलाउँछु।'

### रास्वपाको उम्मेदवारी खारेजीमा परेपछि

अघिल्लो पटकको चुनावमा कांग्रेससहितको गठबन्धन हुँदा समेत पराजित भएको पीडा त छँदैथियो, मधेसमा यसपटक रस्वपाको हावा चलेको यादवले मेसो पाइसकेका थिए।

त्यही भएर उनले प्रतिनिधि सभाको चुनावको कुनै तयारी गरेनन्। न त गाउँ छिर्ने तारतम्य नै मिलाए।

तर, धनुषा जिल्ला पार्टी कमिटीले धनुषा क्षेत्र नम्बर १ बाट उनको नाम सिफारिस गर्‍यो। पार्टी संयोजक पुष्पकमल दाहाल प्रचण्डले यादवलाई चुनाव लड्न दबाब दिए। जसकारण चुनाव नलड्ने अडानमा उनी लामो समय टिकिरहन सकेनन्।

'मैले दुई वर्षदेखि नै चुनाव लड्दिनँ भनेको थिएँ,' उनले थपे, 'सधैं किन लड्नु, नयाँ उठाउने र फिल्डमा बसेर पनि जनताको सेवा गर्न सकिन्छ भन्ने मेरो सोच थियो। तर, यहाँका साथीहरूले पनि एकमतले पारित गरेर मैरै नाम सिफारिस गरेर पठाइदिनुभयो, हाम्रो पार्टी संयोजकले पनि चुनाव लड्नैपर्छ भनेपछि उठ्नैपर्‍यो।'

उनी उम्मेदवारी मनोनयन दर्ताको पाँच दिनअघि मात्र धनुषा ओर्लिए। तर, यसपटक मधेसमा बालेन शाहको क्रेज बढिसकेको थियो।

परम्परागत पार्टी र तिनका पुराना अनुहारप्रति मधेसका युवा मौन विद्रोह गर्ने मुडमा थिए। तैपनि यादवले उम्मेदवारी दिए। आफ्नो संगठनलाई एकताबद्ध पारे। युवालाई समेटेर टिम बनाए अनि होमिए चुनावी प्रचारमा।

नेकपाले यसपटक कोहीसँग गठबन्धन गरेको थिएन। यो चुनौतीलाई मातृकाले सहज रुपमा लिए। नसकिने कुरा गरेनन्। विस्तारै आफ्नो पक्षमा माहोल बढ्न थाल्यो। यही कुरा उनले पार्टी संयोजक प्रचण्डलाई सुनाए। नेकपाले चुनाव जित्ने सूचीमा धनुषा १ लाई राख्यो। यद्यपि, यो क्षेत्रमा रास्वपाको प्रभाव निकै राम्रो थियो। तर, रास्वपाका उम्मेदवार विवादास्पद छविका थिए।

मतदान हुनु दुई दिनअघि निर्वाचन आयोगले रास्वपाका उम्मेदवार किशोरी साह कालो सूचीमा रहेको भन्दै उनको उम्मेदवारी खारेज गरिदियो। जसको फाइदा मातृकाले पाए। यद्यपि, रास्वपा उम्मेदवार किशोरीलाई पनि मत परेको छ। जसलाई आयोगले छुट्टै गणना गरेको छ।

मतपत्रमा घण्टी चिन्ह कायमै रहेकाले धेरै मत त्यहाँ परेको आयोगको भनाइ छ। तर, किशोरी सर्वोच्च पुगेका छन्। सर्वोच्चले फागुन २९ गते दुवै पक्षलाई छलफलमा बोलाएको छ।

सोही कारण आयोगले परिणाम घोषणा गर्न एक दिन रोक्यो। तर, सोमबार साँझ नेकपाका मातृका यादव निर्वाचित भएको भन्दै निर्वाचन आयोगले प्रमाणपत्र दिएको छ।

उनले १०,४३० मत प्राप्त गरेको आयोगले सुनाएको छ। निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका रामपल्टन साहले ९,५०२ मत पाए। नेकपा एमालेका रामचन्द्र मण्डलले ९,३१५ मत प्राप्त गरे। घोषणासँगै यादवले नेकपालाई मधेसबाट शर्मनाक हार हुनबाट जोगाएका छन्।

तर, उनी अब कम्युनिस्ट आन्दोलनको समीक्षा गर्नुपर्ने अवस्था बनेको बताउँछन्।

'हामी समीक्षा गर्छौं समाजवादी क्रान्तिको मलिलो आधार नेपालमै छ। त्यो सम्भव पनि छ। सबै शक्तिहरू एकजुट हुनुपर्छ,' उनले थपे।

### सधैं विद्रोही मातृका

२०१५ असोज ३० मा धनुषाको सवैलामा जन्मिएका यादवको राजनीतिक यात्रा २०३४ सालबाट सुरु भएको हो। उनले त्यही बेला नेकपा चौथो महाधिवेशनको सदस्यता लिएर राजनीति थालेका हुन्।

२०३५-३६ को पञ्चायत विरोधी आन्दोलनमा उनी सिरहा क्याम्पसमाबाट सहभागी भए। पछि सोही क्याम्पसमा उनी दुई कार्यकाल स्ववियु सभापति चुनिए। मातृका २०५१ सालमा नेकपा माओवादीको केन्द्रीय सदस्य बने। २०५२ देखि माओवादीले जनयुद्ध थाल्यो। युद्धका क्रममा उनी पटकपटक पक्राउ परे। आफूले ९ वर्ष जेल जीवन बिताएको उनी बताउँछन्।

माओवादी शान्ति प्रक्रियामा आएपछि उनी २०६३ को अन्तरिम व्यवस्थापिकाको सदस्य बने। २०६४ को पहिलो संविधानसभामा उनी समानुपातिक सूचीबाट सभासद चुनिए। र, गिरिजाप्रसाद कोइराला नेतृत्वको मन्त्रिपरिषदमा वनमन्त्री बने। त्यतिबेला ललितपुरमा सञ्चालित ढुंगाखानी बन्द गर्न दिएको निर्देशन नमानेको भन्दै उनले एलडीओलाई ट्वाइलेटमा थुनेर उनी विवादमा परे। लगत्तै, प्रधानमन्त्री कोइरालासँगको विवादका कारण उनले राजीनामा दिए।

०६४ मा बनेको प्रचण्ड नेतृत्वको सरकारमा फेरि यादवले भूमिसुधार तथा व्यवस्था मन्त्रालयको जिम्मेवारी पाए। तर , सरकारबाट आफूलाई काममा सहयोग नभएको भन्दै राजीनामा दिए। यसपटक उनी यतिमै रोकिएनन्, माओवादी पुनर्गठन गर्ने भन्दै पार्टीबाटै अलग भएको घोषणा गरे।

०६५ माघ २९ गते उनले नेकपा माओवादी बनाए। जसकारण २०७० को दोस्रो संविधान सभाको चुनावमा उनले भाग लिएनन्। ०७३ जेठमा फेरि प्रचण्डसँग पार्टी एकता गरे।

२०७४ मा एमाले र माओवादी गठबन्धनबाट उनले धनुषा १ बाट चुनाव जितेर उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मा पाएका थिए।

सार्वजनिक स्थलमा धुम्रपान नगरौं ।
सभ्य नागरीकको परिचय दिऔं ।

# महोत्तरीमा लामखुट्टेको प्रकोप बढ्दो

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
**फागुन २६ गते, महोत्तरी**



गर्मी बढेसँगै मधेसका जिल्लामा लामखुट्टेको प्रकोप बढ्न थालेको छ ।

महोत्तरीको औरही नगरपालिकामा समयमै किटनाशक औषधि नछर्किंदा लामखुट्टेको समस्या झनै बढेको स्थानीयवासीले बताएका छन् । औरही नगरपालिका-२ का स्थानीय अशोककुमार मण्डलले नगरपालिकाले लामखुट्टे नियन्त्रणका लागि समय मै औषधि नछर्किंदा सर्वसाधारण नागरिक समस्यामा परेको बताउनुभयो । उहाँका अनुसार पछिल्ला केही दिनयता लामखुट्टेको सङ्ख्या अत्यधिक बढेकाले बेलुका मात्र होइन, दिनको समयमा समेत घरभित्र बस्न कठिन भएको छ । लामखुट्टेको टोकाइबाट विभिन्न रोग फैलिन सक्ने जोखिम बढेकाले तत्काल नियन्त्रणका उपाय अपनाउनुपर्ने उहाँको भनाइ छ ।

यस्तै, गौशाला नगरपालिका-५ का अजयकुमार साहले पछिल्ला दिनहरूमा लामखुट्टेको प्रकोप उल्लेख्य रूपमा बढेको बताउनुभयो । उहाँका अनुसार लामखुट्टेका कारण बेलुका तथा रातिको समयमा बस्नै नसकिने अवस्था रहेको छ । डेङ्गु लगायतका रोग फैलिन सक्ने जोखिम बढेकाले सम्बन्धित स्थानीय तहले समयमै किटनाशक औषधि छर्नुपर्ने उहाँको भनाइ छ ।

रामगोपालपुर नगरपालिका-५ का अरुणकुमार चौधरीले पनि गाउँ तथा आसपासका क्षेत्रमा लामखुट्टेको समस्या बढ्दै गएको बताउनुभयो । उहाँका अनुसार केही दिनयता लामखुट्टेका कारण साँझपख घरबाहिर बस्न समेत कठिन हुने अवस्था बनेको छ । लामखुट्टेको टोकाइबाट रोग फैलिन सक्ने सम्भावना बढेकाले नियन्त्रणका लागि सम्बन्धित निकायले तत्काल ध्यान दिनुपर्ने उहाँले बताउनुभयो ।

मौसम परिवर्तनसँगै महोत्तरीका विभिन्न स्थानीय तहमा लामखुट्टेको प्रकोप बढ्दै गएको स्थानीयको भनाइ छ । औरही, गौशाला, जलेश्वर, भंगहा तथा रामगोपालपुर नगरपालिका लगायत जिल्लाका अधिकांश पालिकामा लामखुट्टेको विगविगी बढेको बताइएको छ ।विगतमा स्थानीय तहले समय-समयमा किटनाशक औषधि छर्ने काम गर्दै आए पनि पछिल्लो समय त्यसलाई निरन्तरता नदिँदा समस्या बढेको नगरवासीले गुनासो गरेका छन् ।

लामखुट्टेको प्रकोपसँगै डेङ्गुका बिरामी बढ्न सक्ने जोखिम रहेकाले समयमै आवश्यक सावधानी अपनाउन स्थानीयले सम्बन्धित निकायसँग आग्रह गरेका छन् ।

# पोखरीमा डुबेर एक जनाको मृत्यु

खबर दर्पण समाचारदाता
**फागुन २६ गते, बर्दिवास**



राजविराजस्थित कल्टु दास पोखरीमा डुबेर आज एक युवकको मृत्यु भएको छ ।

राजविराज नगरपालिका-४ का २५ वर्षीय बौवा भन्ने गजेन्द्र दासको मृत्यु भएको हो । राजविराज-३ स्थित कल्टु दास पोखरीमा माछा मार्न गएका गजेन्द्रको डुबेर मृत्यु भएको प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो ।

दुईपल्ट माछा मारेर बाहिर निस्केका उनी तेस्रो पटक पुनः माछा मार्ने क्रममा डुबेको स्थानीयवासीले जनाएको छ । पोखरीमा माछा मार्ने क्रममा एक युवा डुबेको खबर पाएपछि पुगेको नेपाली सेनाको बरख गण, सशस्त्र र नेपाल प्रहरीका गोताखोर टोलीले खोजी सुरु गरेको थियो । करिब चार घण्टाको प्रयासपछि उनको मृत शरीर सेनाले फेला पारेको छ ।

-रासस


## बिमा सर्टिफिकेट हरायो

निम्ननानुसार विवरण भएको एसियन लाईफ इन्स्योरेन्सको विमालेख वेलाबाट लालबन्दी आउने क्रममा हराएको हुँदा नजिकको प्रहरी चौकीमा खवर गरेर सहयोग गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : राजकुमार चौधरी
विमालेख नं. : ८२२१०००१८००
सम्पर्क : ९८०७७४७३७४



## बिमा सर्टिफिकेट हरायो

निम्ननानुसार विवरण भएको एसियन लाईफ इन्स्योरेन्सको विमालेख नवलपुरवाट घर जाने क्रममा हराएको हुँदा नजिकको प्रहरी चौकीमा खवर गरेर सहयोग गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम :कुसुम कुमारी देवी धामी
विमालेख नं. : ६६११०००४८८२
सम्पर्क : ९७०९०३०३९



कोरियन ब्युटी प्रोडक्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।
बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५
साथै होम डेलिभरीको सूविधा छ।





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,